# खण्ड ६

# प्राकृतिक स्रोत व्यवस्थापन

विभिन्न प्राकृतिक स्रोतहरूको व्यवस्थापन र प्रयोगमा देखिने अन्यायहरूमाथि यस खण्डमा सम्मिलित लेखहरूले प्रकाश पार्दछन्। नेपालमा प्राकृतिक स्रोतहरू ग्रामीण समुदायको जीविकोपार्जनको मुख्य स्रोत हुन्। त्यस्ता स्रोतहरूको व्यवस्थापन गर्ने निर्णय प्रकृयामा पहुँच र फाइदाको समन्यायिक बाँडफाँड यस क्षेत्रका प्रमुख सवालहरू हुन्। समाजका प्रत्येक तप्काका परिवार/व्यक्तिहरू, महिलाहरू, तल्लो जात भनिने समूहहरू, अल्पसङ्ख्यक समुदायहरू सबैको समान पहुँच हुनुपर्दछ, प्राकृतिक स्रोतहरूमा। यी प्राकृतिक स्रोतहरू साधारणतया 'साझा सम्पत्ति'को रूपमा चिनिन्छन्। साझा सम्पत्तिहरूबाट हुने आम्दानी/फाइदाको नियन्त्रण मुख्यतः स्थानीय बासिन्दाले गर्नुपर्दछ। तव मात्र वातावरणीय न्याय तथा समन्याय प्राप्त हुन सहयोग पुग्छ। तर यस खण्डमा समावेश लेखहरूले देखाउँछन्– त्यस्तो भैरहेको छैन; साझा सम्पत्तिमा पहुँच असमान छ, निर्णय प्रकृयामा तल्लो तप्काका र पिछडिएका भनिएकाहरूको पहुँच छैन।

यस खण्डमा सम्मिलित लेखहरूलाई मुख्यतः पाँच समूहमा विभाजन गर्न सकिन्छ: वन व्यवस्थापन (मुख्यतः सामुदायिक वन), जडीबुटी, राष्ट्रिय निकुञ्ज, खानी र पर्यावरणीय पर्यटन। पहिलो लेखमा नेपालको वन व्यवस्थापनमा प्रयोगमा ल्याइएका अवधारणाहरूको सैद्धान्तिक तथा व्यवहारिक पक्षको व्याख्या गरिएको छ। यो लेखमा

सामुदायिक वन, कबुलियती वन, राष्ट्रिय वन, राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्र कार्यक्रमहरूको ऐतिहासिक विकास, कानूनी प्रावधान तथा तिनले समुदायमा पारेको प्रभावलाई वातावरणीय न्यायको दृष्टिकोणबाट विश्लेषण गरिएको छ। वन्यस्रोतसम्बन्धी अन्य लेखहरू मुख्यतः सामुदायिक वनसँग सम्बन्धित छन्। यी लेखहरूले सामुदायिक वनको शुरुआत भएपछि सरकारी निकायको भूमिका कमजोर हुँदै गएको तर आफ्नो नियन्त्रण बढाउन समय-समयमा हस्तक्षेप सरकारले गरिरहेको देखाउँछन्। जडीबुटी-सम्बन्धी लेखहरूले नेपालका जडीबुटीहरू कति उत्पादन/बिक्री हुन्छन्, कसरी भारत र पश्चिमा देशमा पुग्छन्, विभिन्न ठाउँमा मूल्य कसरी फरक हुन्छ र उत्पादक/संरक्षक तथा स्थानीय बासिन्दाहरू कसरी ठगिएका छन् भन्नेबारे विस्तृत व्याख्या गरेको छ। जडीबुटीबाट हिमाली वा पहाडी बासिन्दा (जसको निर्वाहमुखी कृषिबाहेक रोजगारीका अन्य अवसर नहुनाले जीविकोपार्जनमा सङ्कट छ)ले बढीभन्दा बढी फाइदा पाउनु पर्ने हो, तर वास्तविकता उल्टो छ। यो वातावरणीय अन्यायको अर्को उदाहरण हो।

तेस्रो समूहका लेखहरूले राष्ट्रिय निकुञ्ज/वन्यजन्तु आरक्ष र त्यसले असर पार्ने समूहबीचको सम्बन्ध र त्यो सम्बन्धमा खप्तड, शिवपुरी, चितवन राष्ट्रिय निकुञ्जहरू र तराई आर्क लेण्डस्केप (ताल)लाई उदाहरण दिएर त्यहाँ भैरहेका वातावरणीय न्याय/अन्यायहरू विश्लेषण गरेका छन्। यी सबै लेखहरूको एउटै निष्कर्ष छ– निकुञ्ज/संरक्षित क्षेत्रले जीविकोपार्जनका लागि त्यहाँका प्राकृतिक स्रोतमा निर्भर स्थानीय बासिन्दा, आदिवासी तथा पिछाडिएका समूहको जीवनवृत्तिमा थप सङ्कट ल्याएको छ। निकुञ्जको फाइदाको न्यायोचित अंश अझै पनि उनीहरूसम्म पुगेको छैन तर यससम्बन्धी केही सुधारहरू क्रमिक रूपमा आएको भने देखिएको छ। जबसम्म यस्ता निकुञ्जले पीडित समूहलाई फाइदा पुर्‍याउन सक्दैनन् तवसम्म वातावरणीय अन्याय कायमै रहन्छ र द्वन्द्वको स्थिति रहिरहन्छ।

यस खण्डमा सम्मिलित अन्य लेख पर्यावरणीय पर्यटन र खानीसँग सम्बन्धित छन्। पर्यावरणीय पर्यटन नेपालको आम्दानीको एक सम्भाव्य स्रोत हो। नेपालमा वर्षेनी आउने पर्यटकमध्ये करिब २५ प्रतिशत पर्यटक पदयात्रा, पर्वतारोहणका लागि आउँछन्। यस्तो पर्यटनबाट पर्ने वातावरणीय/ सामाजिक/आर्थिक/सांस्कृतिक असरको बारेमा लेखाजोखा गरिएको छ, यहाँ सम्मिलित लेखहरूमा। यी लेखहरूले निकालेको निष्कर्षअनुसार प्रदूषणको भार, देखासिकीको असर, सांस्कृतिक अतिक्रमण आदिले गर्दा पर्यटनको नकारात्मक असरको बोझ स्थानीय बासिन्दाले उठाउनु परेको छ तर पर्यटन व्यवसायबाट उनीहरूले खास फाइदा उठाउन सकेका छैनन्। भरियाहरूको समस्या पनि उत्तिकै कारुणिक छ। नेपालमा खानीहरू प्रशस्त नभए पनि खानीको वातावरणीय असर र वातावरणीय अन्याय कतिसम्म हुन्छ भन्ने तथ्य यस खण्डको अन्तिम लेखले देखाउँछ। खानीमा काम गर्ने मानिसको स्वास्थ्य, खेतबारीको माटोमा पर्ने असर, खेतीको विनाश, आदि खानीले पारेका नकारात्मक असर हुन् तर टाढा शहरका मिडियामा ती तथ्य विरलै चर्चामा आउँछन्। ♦